जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८४ २०८३ साल असार ९ गते मंगलबार (23 June 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : जनमत जोगाउँदै सुशासन ... ३ पृष्ठमा : आँप महोत्सव सम्पन्नः ... ३ पृष्ठमा : युद्ध अन्त्य वार्तामा ...

# तिलाठी कोइलाडीमा बाढी पूर्व तयारी अभ्यास



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

बाढीको उच्च जोखिममा रहेको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा बाढीपूर्व सूचनामा आधारित कृत्रिम घटना अभ्यास गरिएको छ ।

गाउँपालिका वडा नं. ५ टिकुलिया स्थित १० किलो क्षेत्रको कोशी नदी किनारमा आईतबार सो अभ्यास गरिएको हो ।

अभ्यासमा बाढीसम्बन्धी पूर्वसूचना समुदायसम्म प्रवाह गर्ने, बाढीमा फसेका व्यक्तिको खोज तथा उद्धार गर्ने, घाइतेलाई प्राथमिक उपचार उपलब्ध गराउने तथा राहत व्यवस्थापन गर्ने लगायतका गतिविधिको प्रस्तुत गरिएको छ ।

मर्सीकोर्प्स नेपाल र कोका-कोला फाउन्डेशनको सहयोगमा आसमान नेपाल र तिलाठी कोइलाडी गाउँपालिकाको साझेदारीमा आयोजना गरिएको कार्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा बाढीका बेला समुदायको तयारी र प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अभ्यास गरिएको तिलाठी कोईलाडी गाउँपालिकाको विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

गाउँपालिकाका विभिन्न टोलमा गठन भएका सामुदायिक विपद् व्यवस्थापन समिति अन्तर्गत पूर्वसूचना, खोज तथा उद्धार, प्राथमिक उपचार तथा राहत व्यवस्थापन गरी चारवटा कार्यदल सक्रिय छन् । अभ्यासका क्रममा ती कार्यदलले आ-आफ्नो जिम्मेवारी अनुसार कार्यसम्पादन प्रदर्शन गरे ।

अभ्यासमा सहभागी फुल कुमारी महतोले यस्तो कार्यक्रमले समुदायका व्यक्तिहरुलाई बाढीको विपद्का बेला गर्नुपर्ने कामहरुबारे ज्ञान प्राप्त भएको प्रतिक्रिया दिए ।

वडा नं. ५ मा गरिएको अभ्यासमा सामुदायिक विपद् व्यवस्थापन समितिका ७२ जना सहित स्थानियहरुले सहभागिता जनाएको आसमान नेपालका कार्यक्रम प्रबन्धक अशोक यादवले बताए ।

यस्तै वडा नं. ७ को मर्राही टोलस्थित मर्राही पोखरीमा पनि सोही प्रकृतिको अभ्यास गरिएको छ । उक्त अभ्यासमा सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्य तथा स्थानीयवासी गरी एक सयभन्दा बढीले सहभागिता जनाए ।

अभ्यासका क्रममा बाढीको जोखिम उत्पन्न भएको काल्पनिक अवस्था सिर्जना गरी

***बाँकी अन्तिम पृष्ठमा***

# असार मसान्तको अन्त्यतिर सरुवा गर्ने कार्य बढेपछी सेवा प्रभावित




**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरी सदरमुकाम राजविराजस्थित समाजिक विकास इकाई कार्यालय सप्तरीका प्रमुख अनिल कुमार यादवको आर्थिक वर्षको अन्तिम समयमा गरिएको सरुवाले सेवा प्रभावित बन्न पुगेको छ ।

मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा आर्थिक वर्षको अन्त्यतिर गरिएको सरुवाले यस्तो समस्या उत्पन्न भएको हो ।

मन्त्रालयका निमित्त प्रदेश सचिव शुशिल कुमार साह तेलीद्वारा मिति २०८३ असार ५ गतेको मिति राखी पठाईएको चलानी नं ७३१ को पत्रानुसार उनलाई मन्त्रालयमा फिर्ता बोलाइएको छ ।

मधेश प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यतिर कर्मचारी सरुवा गर्ने र फिर्ता बोलाउने कार्यले एकातिर सेवा प्रभावित बनेको छ भने अर्को तिर कर्मचारी सरुवा गरेर इच्छाएको कर्मचारी पठाउने चलखेल ब्यापक बनेको छ ।

यता असार मसान्तको अन्त्यतीर गरिएको सरुवा प्रकरणको विरोध प्रदेश सभामा समेत उठेको छ । अघिल्लो दिन आईतवार मधेश प्रदेश सभासदस्य एवं पूर्व अर्थमन्त्री महेश प्रसाद यादवले कडा आपत्ती जनाउदै अबिलम्ब यस्ता कार्य रोकिनु पर्ने माग गरेका छन । उनले राम्रो ढंगले कार्यसम्पादन गर्दै आएका कर्मचारीलाई सरुवा गरेर इच्छाएको कर्मचारीलाई पठाउने र आर्थिक लाभ लिने चलखेल भइरहेको भन्दै सरकार प्रमुखको ध्यानाकर्षण गराए ।

यसरी मनपरी भइरहेको सरुवाको विरोधमा कतिपय कर्मचारी अदालत सम्म पुगेका छन । कतिपय कर्माचारी त अदालतको आदेशबाट काम गरिरहेकै कार्यालयमा पुर्नवहाली समेत भइसकेका छन ।

# खैरो हेरोइनसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरी प्रहरीले खैरो हेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ । जिल्लाको बोदेबर्साइन नगरपालिका वडा नं. ९ स्वर्णपट्टीस्थित नेपाल-भारत आवतजावत गर्ने सडकखण्डमा चेकजाँचका क्रममा प्रहरीले दुई जनालाई पक्राउ गरेको हो ।

प्रहरी चौकी देउरीबाट खटिएको टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको स.७प.८५२३ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल रोकी जाँच गर्दा मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका वडा नं. ८ पोखरिया निवासी ३६ वर्षीय त्रिलोकी चौधरी र पछाडी सवार सोही नगरपालिका वडा नं. ७ भंगहा टोल निवासी ३२ वर्षीय सन्तलाल दासलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए ।

खानतलासीका क्रममा सन्तलालले लगाएको हाफ पाइन्टको पछाडिको खल्तीमा लुकाइछिपाइ राखिएको अवस्थामा लागूऔषध खैरो हेरोइन जस्तो देखिने गिलो पदार्थ फेला परेको उनले बताए । उक्त पदार्थलाई तौल गर्दा ३१ ग्राम ९१० मिलिग्राम रहेको प्रहरीले जनाएको छ ।

यसैगरी उनीहरूको साथबाट ओप्पो र भिभो कम्पनीका दुई थान मोबाइल फोन, नगद ७ हजार ३ सय ५० रुपैयाँ तथा प्रयोग गरिएको मोटरसाइकल समेत बरामद गरिएको छ ।

पक्राउ परेका दुवै जनाविरुद्ध अदालतबाट तीन दिनको म्याद थप अनुमति लिएर लागूऔषध सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक घिमिरेले जानकारी दिए ।

# सशस्त्र टोलीद्वारा बागमतीमा फसेका तीन बालिकासहित १४ जनाको उद्धार

रौतहट, ८ असार (रासस) ।

सशस्त्र प्रहरीबल नेपाल, रौतहट टोलीले स्थानीय दुर्गाभगवती गाउँपालिका-३ स्थित मत्सरी घाटमा फसेका १४ जना स्थानीय महिला तथा बालिकाको सकुसल उद्धार गरेको छ ।

आइतबार अपराह्न ३:४०

***बाँकी अन्तिम पृष्ठमा***

**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, वासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# समावेशी पक्षमा रास्वपाको जोडः मधेसी समुदाय खुसी

**नारायण अधिकारी**

चितवन, ८ असार (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो विधानमा संशोधन गरी पार्टीलाई थप समावेशी बनाइने भएको छ। समावेशी सहभागितालाई सुनिश्चित गर्नेगरी विधान संशोधन भएसँगै प्रत्यक्ष लाभान्वित समुदाय खुसी देखिएका हुन्।

पार्टीले महिला, जनजाति, मधेसी, दलित समुदायका पक्षमा निर्णय गरेको भन्दै लाभान्वित समुदाय उत्साहित बनेका हुन्। आधा जनसङ्ख्या ओगट्ने महिलामध्येबाट एक जना केन्द्रीय उपसभापति हुनुपर्ने व्यवस्था गरेको छ।

केन्द्रीय समितिका ९९ जना सदस्यमध्ये प्रदेशबाट प्रतिनिधित्व गर्ने एउटा प्रदेशको पाँच जनाका दरले ३५ जना सदस्यलाई पूर्ण समावेशी बनाइएको छ। एउटा प्रदेशबाट कम्तीमा दुई महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ। प्रदेशमा उपस्थित जनसङ्ख्याको आधारमा गण्डकी र कोशी प्रदेशलाई एक/एक जना जनजातिका लागि कोटा राखिएको छ। यसैगरी, सुदूरपश्चिम र कोशी प्रदेशमा एक/एक जना दलित अनिवार्य हुनुपर्ने छ। लुम्बिनीमा एक जना थारु र मधेस प्रदेशमा मधेसी दलित अनिवार्य गरी समावेशी सिद्धान्तलाई आत्मसात् गरिएको छ।

यसै सन्दर्भमा मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूले समावेशिताको सिद्धान्तले सबै व्यक्ति तथा समुदायलाई समान अवसर र सम्मान प्रदान गर्ने भन्दै पार्टीको निर्णयप्रति खुसी व्यक्त गरेका छन्। यसले विभिन्न पृष्ठभूमि, क्षमता, र अनुभव भएका व्यक्तिलाई संस्था, समाज र निर्णय प्रक्रियामा समेट्ने उनीहरूको विश्वास छ। जसले गर्दा सबैको योगदानले समाजलाई समृद्धितर्फ अगाडि बढाउँने उनीहरूको भनाइ छ।

मधेस प्रदेशको राजधानी धनुषा जिल्लाबाट प्रतिनिधित्व गर्ने उदयकुमार साहले पुराना दलहरूको प्राथमिकतामा समावेशी सिद्धान्तको मुद्दा प्राथमिकतामा नपरेकाले जनताको विश्वास गुमाउन पुगेको उल्लेख गर्दै समावेशी पक्षका सन्दर्भमा रास्वपा अन्य दलभन्दा अघि रहेको भनी खुसी व्यक्त गर्नुभयो।

यसैगरी महोत्तरीका विनोदकुमार शाह समाजका सबै वर्ग, लिङ्ग, समुदायका भुइँमान्छेलाई समेट्ने गरी पार्टीले नीति तथा कार्यक्रमहरू अघि ल्याउनुपर्नेमा सुझाव दिनुहुन्छ।

सर्लाहीकी आज्ञा कटुवाल पार्टीलाई पूर्ण समावेशी बनाउन लागिएको भन्दै खुसी व्यक्त गर्नुहुन्छ। उहाँले भन्नुभयो, "गाउँगाउँका समस्या बुझ्ने गरी पार्टी कमिटी बन्नुपर्छ।" समावेशीताले समाजको विविधतालाई सम्मान गर्ने भन्दै उहाँले पार्टीलाई एक ढिक्का भएर अघि बढाउन सुझाव दिनुहुन्छ।

त्यस्तै बाराका सुदर्शन पण्डितले जातीय र भूगोलका नागरिकको गुनासा सुन्न नसक्दा पुराना दल कमजोर हुँदै गएको स्पष्ट गर्दै रास्वपाको समानुपातिक नीति देश र जनताका पक्षमा केन्द्रित हुने स्पष्ट गनुभयो।

बाँकी तीन पृष्ठमा

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनमत जोगाउँदै सुशासन र आन्तरिक लोकतन्त्र सुदृढ गर्न रास्वपालाई नेताहरुको आग्रह

**सनद अधिकारी**

नारायणगढ (चितवन), ८ असार (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम राष्ट्रिय महाधिवेशनमा शुभकामना दिने अधिकांश नेताहरुले पार्टीले प्राप्त गरेको जनमत जोगाउन, आन्तरिक लोकतन्त्र सुदृढ गर्न र सुशासनको अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन सुझाव दिनुभएको छ।

नेपाली कांग्रेस सभापति गगनकुमार थापाले राजनीतिक दलहरू जनमतको कदर गर्दै सत्ताको उन्माद र आन्तरिक अहंकारबाट मुक्त रहनुपर्ने बताउनुभयो। "इतिहासमा राजनीतिक दलहरूले पाएको जनमत नेताहरूको अहंकार, आपसी टकराव र सत्ताको उन्मादका कारण पटकपटक दुर्घटनामा परेको छ। रास्वपाले यी दुवै अवस्थाको सामना गर्न नपरोस् र प्राप्त जनसमर्थनलाई सही ढङ्गले स्थिरताका निम्ति अगाडि बढाओस्।"

नेपाली कांग्रेस र रास्वपाबीचको सम्बन्धलाई प्रष्ट पार्दै सभापति थापाले संसदमा आफ्नो दल सशक्त प्रतिपक्षको भूमिकामा रहने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाली कांग्रेस रास्वपाको प्रतिस्पर्धी हो, दुश्मन होइन। हामी संसद्मा प्रतिपक्षमा छौँ। जहाँ औँला ठड्याउनुपर्ने हो, त्यहाँ औँला ठड्याउँछौँ, जहाँ ताली बजाउनुपर्ने हो त्यहाँ ताली बजाउँछौँ।"

पछिल्लो समय राजनीतिमा विगतलाई पूर्ण रूपमा नकार्ने प्रवृत्ति बढेकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले प्रजातन्त्रका लागि भएको ऐतिहासिक सङ्घर्षलाई भुल्न नहुनेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "चितवनमा निलो झण्डा फहराउँदै गर्दा विगत ३५ वर्षमा केही पनि भएन भनेर इतिहासलाई इन्कार नगर्नुहोला, तपाईंहरू जुन ठाउँमा उभिनुभएको छ, त्यहाँ मुनि प्रजातन्त्रका लागि लड्ने सहिदहरूको रगत र बलिदान जोडिएको छ। त्यो इतिहासलाई कसैले पनि बिर्सन मिल्दैन।"

सभापति थापाले गरिबी, अज्ञानता, विभेद र अक्षमता नै देशको मुख्य दुश्मन भएको औँल्याउँदै यी साझा चुनौतीविरुद्ध र संविधान एवं व्यवस्थाको रक्षाका लागि रास्वपासँग सहकार्य हुने स्पष्ट पार्नुभयो। उहाँले रास्वपाको स्थापनाको छोटो समयमै प्राप्त जनसमर्थनको प्रशंसा गर्दै महाधिवेशनको पूर्ण सफलताको कामनासमेत गर्नुभयो।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले रास्वपाले छोटो समयमै हासिल गरेको राजनीतिक सफलता नेपाली इतिहासकै एउटा नयाँ क्रान्तिको कडी भएको बताउनुभयो। उहाँले आफूले विगत १०-११ वर्षदेखि सुरु गरेको वैकल्पिक राजनीतिको अभियानको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिका रूपमा रास्वपालाई लिएको स्पष्ट पार्नुभयो। उहाँले आफूलाई सधैँ परिवर्तन र न्यायका पक्षमा उभिने एक निरन्तर विद्रोहीको रूपमा प्रस्तुत गर्दै आफ्नो सारा जीवन यसैमा सुम्पिएको उल्लेख गर्नुभयो।

रास्वपाको उदयलाई लिएर पुराना राजनीतिक दलहरूले वैदेशिक शक्तिको हात रहेको भनी लगाउने गरेको 'षड्यन्त्र सिद्धान्त' को खण्डन गर्दै उहाँले भन्नुभयो, "मेरा पुस्ताका साथीहरूलाई ठूलो भ्रम छ। उहाँहरू खाली यो दक्षिणले गरायो, उत्तरले गरायो, पश्चिमले गरायो भनेर कथा बुनेर बस्नुभएको छ। तर मेरो स्पष्ट धारणा के छ भने, समाज बदल्न हिँडेका युवा सधैँ सत्य र न्यायका पक्षमा उभिनुपर्छ र तपाईंहरू उभिनुभएको छ।" रास्वपाले आन्दोलन र सङ्घर्षबाट मात्र नभई आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरी जनताको मन जितेर यो ऐतिहासिक सफलता हासिल गरेको उहाँको भनाइ थियो।

आफ्नो आलोचना गर्नेहरूलाई जवाफ दिँदै डा भट्टराईले भन्नुभयो, "कतिपयले मलाई सोध्छन् के ललिपप पाएर यो उमेरमा रास्वपाको महाधिवेशनमा गएको ? म सारा जीवन मर्न तयार भएको मान्छे, मलाई केको ललिपप ? तपाईंहरूकै सद्भावले म मुलुकको प्रधानमन्त्री भइसकेको मान्छे हुँ, मलाई कुनै ललिपप चाहिँदैन, म त नेपाली जनता र युवा पुस्ताले देशमा सुशासन र समृद्धि पाएको हेर्न चाहन्छु।"

राजनीतिक क्रान्तिलाई एउटा 'रिले दौड'का रूपमा व्याख्या गर्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले पहिलो पुस्ताका टङ्कप्रसाद आचार्य, पुष्पलालहरूले सुरु गरेको क्रान्तिलाई आफ्नो पुस्ताले गणतन्त्र र संविधानसभासम्म पुऱ्याएको र अब देशलाई सुशासन र समृद्धिको शिखरमा पुऱ्याउने जिम्मेवारी रवि लामिछाने र बालेन्द्र शाहको नयाँ पुस्ताको काँधमा आएको बताउनुभयो। उहाँले रास्वपाको नयाँ नेतृत्वले आगामी पूरा पाँच वर्षको कार्यकाल दृढताका साथ पूरा गर्नुपर्नेमा जोड दिनुभयो।

नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को काँधमा देश र लोकतन्त्रलाई सुदृढ बनाउने ऐतिहासिक जिम्मेवारी आएको बताउनुभयो। यो महाधिवेशनले केवल नयाँ नेतृत्व मात्र चयन नगरी पार्टीको स्पष्ट राजनीतिक नीति, सिद्धान्त र मार्गचित्र तय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। "रास्वपा राष्ट्रिय राजनीतिमा कुन स्थानमा उभिन्छ भन्ने कुराभन्दा पनि यसले संविधानवाद, विधिको शासन, मौलिक अधिकार, सामाजिक न्याय र उत्तरदायी राज्यको अवधारणालाई कसरी अगाडि बढाउँछ भन्ने कुरा महत्त्वपूर्ण रहन्छ", उहाँले भन्नुभयो।

छोटो समयमा रास्वपाले प्राप्त गरेको जनमतलाई विश्व इतिहासका विभिन्न सन्दर्भसँग जोड्दै नेता ज्ञवालीले जनादेश पाउनु जत्तिकै महत्वपूर्ण त्यसको सही सदुपयोग गर्नु रहेको बताउनुभयो। इतिहासमा जनमतको सही सदुपयोग र दुरुपयोगका फरकफरक दृष्टान्त रहेको उल्लेख गर्दै उहाँले रास्वपाले इतिहासका गलत शिक्षाहरूबाट सिकेर जनताको अनुहारमा उज्यालो ल्याउने गरी अघि बढ्नुपर्ने सुझाव दिनुभयो।

लोकतन्त्रमा 'चेक एण्ड ब्यालेन्स'को ठूलो भूमिका हुने चर्चा गर्दै उहाँले न्यायालय, राष्ट्रपति र संसद्जस्ता राज्यका मुख्य संस्था सधैँ बलियो हुनुपर्ने तथा जनताका आलोचनात्मक स्वरहरूलाई सम्मान गरिनुपर्ने धारणा राख्नुभयो। उहाँले रास्वपाभित्र काम गर्ने तीव्र हुटहुटीसँगै आवश्यक संयम र कानुनी सन्तुलन कायम रहन सकोस् भन्दै महाधिवेशनको पूर्ण सफलताको कामना गर्नुभयो।

नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य वर्षमान पुनले थिति बसाल्न चालिने जुनसुकै कदम पनि विधिसम्मत र संविधानको दायराभित्र हुनुपर्ने बताउनुभएको छ। उहाँले सुशासन र भ्रष्टाचार नियन्त्रणको अभियानमा आफ्नो पार्टी र रास्वपाबीच कार्यगत सहकार्य रहँदै आएको उल्लेख गर्नुभयो।

पुनले भन्नुभयो, "भ्रष्टाचार र विकृति अन्त्य तथा सुशासनको एजेन्डामा हामी सँगै थियौँ, छौँ र रहनेछौँ। यस सन्दर्भमा एउटा सुझाव र आग्रह छ, थिति बसाल्न चालिएका कदमहरू विधिसम्मत र संविधानभन्दा बाहिर नहोऊन् भन्नेमा तपाईंहरूको पर्याप्त ध्यान पुग्ने नै छ।" उहाँले पृष्ठभूमि र कार्यशैली फरक भए पनि क्रान्ति, परिवर्तन र समाज रूपान्तरणका मुद्दामा दुवै शक्तिबीच निकटता रहेको दाबी गर्नुभयो। "हामी दुवै शक्तिले निरन्तरतालाई क्रमभङ्ग गरेर आफ्नो राजनीतिक बाटो तय गरेका हौँ," उहाँले भन्नुभयो, "सुशासनको एजेन्डामा नेपाली कम्युनिष्ट पार्टी र रास्वपाको जतिको निकट सहकार्य सायद अरूका बीचमा भएको छैन।"

सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र विभिन्न ऐतिहासिक आन्दोलन र सहिदहरूको बलिदानको जगमा स्थापना भएको स्मरण गर्दै उहाँले वर्तमान राजनीतिक प्रणालीप्रति रास्वपाबाट अझ उच्च तहको प्रतिबद्धताको अपेक्षा गरिएको बताउनुभयो। पहिलो पटक देशव्यापी रूपमा पूर्ण सङ्गठनको आकारमा जान लागेको रास्वपाको यस महाधिवेशनले पार्टीमाथिका विविध प्रश्न, आरोप र आशङ्काहरूलाई मेट्दै वैचारिक तथा सङ्गठनात्मक स्पष्टता प्रदान गर्ने विश्वाससमेत नेता पुनले व्यक्त गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले देशमा विद्यमान समस्या नेताहरूमा मात्र नभई वर्तमान संविधान र संवैधानिक व्यवस्थामा समेत रहेको दाबी गर्नुभयो। समारोहलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले देशलाई सही निकास दिन राजनीतिक प्रणालीमै परिमार्जन आवश्यक रहेको औँल्याउनुभयो।

उहाँले भन्नुभयो, "इतिहासले तपाईंहरूलाई एउटा यस्तो विशिष्ट अवसर दिएको छ, जुन कुनै पार्टी वा व्यक्तिको जीवनमा बारम्बार आउँदैन। यदि यो अवसर चुक्यो भने, यसले तपाईंको पार्टीलाई मात्र होइन, सिङ्गो देशलाई नै ठूलो धोका हुनेछ।"

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मुलुकको समृद्धि र परिवर्तनका लागि राजनीतिक दलहरू सङ्कुचित दायराभन्दा माथि उठ्नुपर्ने बताउनुभयो। उहाँले महाधिवेशनहरू केवल नयाँ नेतृत्व चयन गर्ने थलो मात्र नभई राष्ट्रिय राजनीति र जनअपेक्षालाई मार्गनिर्देश गर्ने कडी भएको उल्लेख गर्नुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै आर्थिक क्रान्ति र सामाजिक रूपान्तरणको दिशामा अघि बढ्नु आजको मुख्य आवश्यकता हो", अध्यक्ष यादवले भन्नुभयो। उहाँले जनअपेक्षाअनुरूप काम गर्न राजनीतिक दलहरूबीच साझा मुद्दामा सहकार्य हुनुपर्नेमा जोड दिँदै रास्वपा महाधिवेशनले मुलुकको समसामयिक चुनौतीलाई सम्बोधन गर्ने गरी ठोस नीति र रणनीति तय गर्ने विश्वास व्यक्त गर्नुभयो।

जनमत पार्टीका अध्यक्ष डा सीके राउतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम ऐतिहासिक महाधिवेशन केवल एउटा राजनीतिक भेला मात्र नभएर 'क्रान्तिको महोत्सव' भएको बताउनुभयो। उहाँले देशभरिका ७७ वटै जिल्लाबाट अनेकन् कष्ट, ऋण र भोक सहेर पनि हजारौँ युवा भरतपुर ओर्लनु पद वा प्रतिष्ठाको लागि नभई देश बदल्ने एउटा साझा जुनुन र आर्थिक समृद्धिको चाहनाका कारण भएको उल्लेख गर्नुभयो।

संसदीय राजनीतिबाट आफू सन्यास लिइसकेको मान्छे भए तापनि आयोजकले यस ऐतिहासिक समारोहमा सम्झिएकामा आभार प्रकट गर्दै उहाँले भन्नुभयो, "जुन सपना तपाईंहरूले देख्नुभएको छ, त्यही चाहना मैले पनि देखेको हुनाले म यहाँ कुनै प्रतिस्पर्धीका रूपमा होइन, तपाईंहरूको सहयात्री र सहयोगीका रूपमा शुभकामना दिन उपस्थित भएको हुँ।"

रास्वपाको पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशनका अवसरमा एसियाका प्रमुख राजनीतिक दलहरूले ऐक्यबद्धता जनाएका छन्। महाधिवेशनमा रास्वपाका अन्तरराष्ट्रिय सम्बन्ध विभाग प्रमुख शिशिर खनालले अन्तरराष्ट्रिय क्षेत्रबाट प्राप्त शुभकामना सन्देशहरू वाचन गर्नुभएको थियो।

एसियाली राजनीतिक

बाँकी तीन पृष्ठमा

# आँप महोत्सव सम्पन्नः उत्साहित किसान

**गोपालप्रसाद बराल**
महोत्तरी, ८ असार (रासस)।

किसानलाई प्रोत्साहन गर्दै आँपखेतीको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित तीनदिने आँप मेला महोत्सव आइतबार सम्पन्न भएको छ। शुक्रबारदेखि सुरु भएको महोत्सवमा महोत्तरीसहित धनुषाका आँप उत्पादक किसानको सहभागिता थियो।

धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरमा आयोजित तेस्रो महोत्सवमा मधेस प्रदेश सरकारका प्रतिनिधि तथा प्रदेशका व्यापारीद्वारा अवलोकन गरिनुका साथै दुवै जिल्लाका होटल तथा पर्यटन व्यवसायी, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिले अवलोकन गरेका छन्। महोत्सवमा सहभागी किसानले आगामी दिनमा यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्नेमा जोड दिँदै आफ्नो उत्पादनले उपयुक्त बजार पाउने विश्वास व्यक्त गरेका हुन्।

महोत्सवस्थल महोत्तरीको भङ्गाहा र बर्दिबास नगरक्षेत्रका बस्तीसँगै जोडिएकाले यस क्षेत्रका किसानको उल्लेख्य सहभागिता थियो। "स्थानीयस्तरमा आयोजित मेलामा हामी सहभागी भयौँ", बर्दिबास नगरपालिका-६ चौलिखाका पर्शुराम ठाकुरले भन्नुभयो, "यसपालि महोत्सवमा प्रदेश सरकारले पनि चासो दिएको छ। अब किसानले केही सुविधा पाउँछन् कि भन्ने आश जागेको छ।"

महोत्सवमा आएका टाढाटाढाका व्यापारीले आँप खरिदको चासो बढाएका ठाकुरको भनाइ छ। यसले स्थानीय उत्पादनले परसम्मको बजार पाउने आशा जागेको उहाँले बताउनुभयो।

महोत्सवमा आफ्नो कक्षबाट १०० क्विन्टल हाराहारी आँप बिक्री भएको चित्रपुरका आँप व्यापारी रामबहादुर महतोले जानकारी दिनुभयो। "मेरो आफ्नो बगैँचा त छैन, तर यही ओरीपरी ५० बिघा बढी क्षेत्रफलको बगैँचा यसपालि ठेक्कामा लिएको छु", उहाँ भन्नुहुन्छ, "आँप बेच्न टाढाटाढाका सहर पुग्दै आएको छु, यसपालि भने बाहिरका व्यापारीले यहीँ आएर आँप लाने कुरा गरेका छन्।"

महोत्सवमा झापा पारी भारतसम्मका व्यापारी आएका उहाँको भनाइ छ।

महोत्तरीका बर्दिबास र भङ्गाहाका साथै धनुषाका मिथिला नगरपालिका र बटेश्वर गाउँपालिका आँप उत्पादनका लागि उर्वर ठाउँ मानिन्छ। यी चारै स्थानीयतहका किसानलाई कृन्द्रित गरी महोत्सव आयोजना भएको थियो। महोत्सवमा आँपको प्रदर्शनी, बिक्री र व्यापारिक सम्पर्क विस्तार भएको सहभागी किसान बताउँछन्।

यसैबीच मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मन्त्रीहरू, प्रदेशसभाका सदस्यहरू, विभिन्न स्थानीय तहका जनप्रतिनिधिको सहभागिता र सहयोगको प्रतिबद्धताले किसानलाई हौसला दिएको महोत्सव आयोजक संस्था चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभका अध्यक्ष प्रदीप महतोले बताउनुभयो।

"यसपालि महोत्सवको उद्घाटन गर्न मुख्यमन्त्री आउनुभयो, हामीलाई आँपको प्रशोधन, बजारीकरण र भण्डारणका लागि चिस्यानघरसम्मका विषयमा सरकारको सहयोग हुने बताउनुभयो। यसले हामीमा नयाँ आशा जगाएको छ", उहाँले भन्नुभयो, "राज्यको सहयोग पाए किसानले बगैँचाखेतीबाट मनग्य आम्दानी गर्न सक्छन्।" मुख्यमन्त्रीसँगै प्रदेशका मन्त्रीहरू, प्रदेशसभा सदस्य र स्थानीयतहका प्रतिनिधिको उत्साहजनक सहभागिताले आगामी दिनमा किसानले सुविधा पाउने विश्वास जागेको उहाँको भनाइ छ।

महोत्सवस्थल चित्रपुरमा मात्रै करिब एक हजार बिघामा आँप बगैँचा छ। बटेश्वर गाउँपालिका क्षेत्रमा बगैँचाको क्षेत्रफल करिब दुई हजार बिघा रहेको अध्यक्ष महतोले जानकारी दिनुभयो। यसैगरी छिमेकका बर्दिबास, भङ्गाहा र मिथिला नगरपालिका क्षेत्र सघन आँपखेतीका लागि उपयुक्त क्षेत्र भएकाले यो क्षेत्रफल करिब पाँच हजार बिघा रहेको उहाँले बताउनुभयो।

यी स्थानीयतह बस्तीमा आँप पाक्ने मौसम जेठ तेस्रो साताको प्रारम्भसँगै सुरु भएर भदौ अन्त्यसम्म रहने किसान बताउँछन्। "यता सबैभन्दा चाँडो पाक्ने आँप बम्बै जेठमध्यतिर सुरु हुन्छ। अनि असार तेस्रो सातासम्म दशहरी, मालदहको मौसम हुन्छ। त्यसपछि आम्रपाली, मल्लिका, अभैया, कलकतिया, स्वर्णरेखा, गुलाबखास, मिसरिया, डोल्मा, केरवा, लालमोहन र लरुवा जातका आँपको सघन मौसम सुरु हुन्छ", महोत्सवका सहभागी भङ्गाहा-४ का किसान हरिदेव साहले भन्नुभयो।

उत्पादनले बजार पाउनु मुख्य पक्ष रहेको बताउँदै उहाँले यसै क्षेत्रमा आँप प्रशोधन र भण्डारणका लागि चिस्यान घर हुनसके यहाँका किसानले वर्षभरि आँपको बजार जमाइ राख्नसक्ने उल्लेख गर्नुभयो। प्रदेशका मुख्यमन्त्रीले आँप प्रशोधन गरेर विभिन्न परिकार बनाउने उद्योग र चिस्यान घर बनाउनेबारे जनाउनुभएको प्रतिबद्धताले अब आँपखेतीमा राम्रो सम्भावनाको क्षेत्र बन्ने साहसहित किसान बताउँछन्।

आँप महोत्सवको मुख्य पक्ष बजार प्रवर्द्धन र विस्तार भएपनि आफ्नो ठाउँको उत्पादन विशिष्ट स्वादको रहेको भन्ने उपभोक्तालाई चिनाउनु पनि मुख्य एजेण्डा रहेको आयोजक संस्थाका फुलगेन मगहीले बताउनुभयो। "हामीले महोत्सवमा सहभागी उपभोक्तालाई थरिथरिका आँप चखाएका छौँ। सबैले यहाँको आँपको स्वादको सराहना गरेका छन्", उहाँले भन्नुभयो, "यो पनि महोत्सवको सफलता हो।"

मगहीले भनेजस्तै महोत्सवमा सहभागी हुनुभएका भङ्गाहा-९ भीमगढका श्यामसिंह थारुले यस भेगका आँप मौलिक स्वादका रहेका बताउनुभयो। महोत्सवमा ५० लाख बढीको कारोबार भएको आयोजकले जनाएको छ।

पाकेका तथा काँचा आँप र थरिथरिका अचारका परिकार प्रदर्शनी र बिक्रीका लागि राखिएका थिए। तीनदिने महोत्सवमा १० हजार बढीले अवलोकन गरेका आयोजकले जनाएको छ।

आँप उत्पादनको पकेटक्षेत्र भएकाले यहाँको उत्पादनबारे राज्यका विभिन्न निकायको ध्यानाकर्षण गराउन र आमचासो जगाउन महोत्सव आयोजना गरिएको भन्दै यसको उद्देश्यमा सफल भएको अध्यक्ष महतोले बताउनुभयो। चित्रपुरमा विसं २०८१ देखि प्रत्येक वर्ष असारमा महोत्सव आयोजना हुँदै आएको छ।

यो महोत्सव परम्पराले आँपसँगै जोडेर आफ्नो ठाउँको परिचय विस्तार भएको आयोजकले बताएको छ। पहिलो वर्ष एक दिन, गत वर्ष दुई दिन आयोजना भएको महोत्सव यसपालि तीन दिनसम्म भएको आयोजक संस्थाका अध्यक्ष महतोले जानकारी दिनुभयो।

संस्थाको नाम अङ्ग्रेजीमा हुनुका सन्दर्भमा मौसममा नेपाल भ्रमणमा आउने पर्यटकलाई लक्षित गरी 'चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभ' राखिएको बताउनुभयो। "हामी वास्तवमै यो ठाउँलाई आँप पर्यटनस्थलका रूपमा विकास गर्न खोजेका छौँ", उहाँले भन्नुभयो, "यसका लागि राज्यका सरोकार भएका निकायको सहयोगको अपेक्षा गरेका छौँ।"

मेलामा महोत्तरी र धनुषाका विभिन्न भेगका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूले विभिन्न जातका आँपको मेला र बगैँचा अवलोकन गरेका छन्। यसैगरी दुवै जिल्लाका सर्वसाधारणको पनि उल्लेख्य उपस्थिति देखिएको थियो।

महोत्सवमार्फत किसानलाई उत्साहित बनाउँदै खेती विस्तारमा पहल गर्नु रहेको बटेश्वर-१ का वडाध्यक्ष अशोककुमार महतोले बताउनुभयो। महोत्सवबाट यहाँ उत्पादित आँपको प्रचारप्रसार हुनुका साथै खेती प्रवर्द्धनमा सहयोग पुगेको उहाँले विश्वास व्यक्त गर्नुभयो।

### *जनमत जोगाउँदै ...*

दलहरूको सङ्गठन, भारतको भारतीय जनता पार्टी, चिनियाँ कम्युनिष्ट पार्टी तथा भुटान, बङ्गलादेश, पाकिस्तान, मलेसिया र दक्षिण कोरियाका सत्तारुढ तथा प्रमुख राजनीतिक दलहरूबाट समेत शुभकामना प्राप्त भएको खनालले बताउनुभयो।

कार्यक्रममा भरतपुर-२७ का थारु समुदायको डम्फु नाच प्रदर्शन गरिएको थियो भने केन्द्रीय सांस्कृतिक विभागले स्वागत गीत तथा नृत्यमार्फत अतिथिहरूलाई स्वागत गरेको थियो। महाधिवेशनको बन्दसत्र उद्योग सङ्घ चितवनको प्रदर्शनी केन्द्रमा सञ्चालन हुनेछ। बन्दसत्रमा चार हजारभन्दा बढी प्रतिनिधिको सहभागिता रहने पार्टीले जनाएको छ।

### *समावेशी पक्षमा ...*

बाराका सागरकुमार गिरी समाजका सबैलाई समेटेर समावेशीताको सिद्धान्तलाई आत्मसात् गर्दै पार्टी गतिविधि अघि बढ्ने बताउनहुन्छ। अहिलेसम्म अरुले नसुनेको गुनासो रास्वपाले सुन्ने भन्दै उहाँले आमनागरिकको प्रतिनिधित्व हुने गरी केन्द्रदेखि तल्लो तहसम्म सङ्गठन संरचना बनाइनुपर्ने खाँचो औँल्याउनुहुन्छ

रास्वपाको पहिलो महाधिवेशनको बन्दसत्र अहिले यहाँ सुरु भएको छ। पार्टीलाई थप समावेशी बनाउने गरी विधान संसोधन प्रक्रिया अघि बढेसँगै विशेषगरी महिला, दलित, जनजातिलगायतका वर्ग, समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुने रास्वपाले स्पष्ट गरेको छ।

## आर्थिक गणनामा केही प्रतिष्ठानले विवरण दिन नमानेको खुलासा

काठमाडौँ, ८ असार (रासस)।

सरकार र निजी क्षेत्रका सबै छाता संस्थाहरूको समन्वय र सहयोगमा सञ्चालन भएको 'आर्थिक गणना,२०८२' मा केही उद्योग तथा व्यवसायिक प्रतिष्ठानले सूचना दिन अस्वीकार गरेका छन्।

राष्ट्रिय अभियानका क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेको आर्थिक गणनामा केहीले जानकारी नपाएर तथा केहीले तथ्याङ्कको गोपनीयताप्रति विश्वस्त नभएको भन्दै तथ्याङ्क उपलब्ध गराउन अस्वीकार गरेका हुन्।

सङ्कलन गरिएका विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ। सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिने भनेर पटकपटक तथ्याङ्क कार्यालयले स्पष्ट पार्दै आएको छ। व्यक्तिगत वा संस्थागत पहिचान खुल्ने गरी कुनै पनि विवरण सार्वजनिक नगरिने जानकारी दिँदै प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखेलले कहीकतै कोही बाँकी रहेको भए विवरण उपलब्ध गराइदिन आग्रह गर्नुभयो। तथ्याङ्क दिन अस्वीकार गर्नु फौजदारी अभियोग बराबर हुने भएकाले विवरण नलुकाउनसमेत उहाँले आग्रह गर्नुभयो।

तथ्याङ्क कार्यालयले सोमबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उपप्रमुख तथ्याङ्क अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार केहीले अज्ञानताका कारण सूचना दिन नमानेका हुन्। स्थानीय तहको विशेष सहयोगमा तथ्याङ्क दिन अस्वीकार गरेका व्यावसायिक प्रतिष्ठानको विवरण सङ्कलन गरिएको उहाँको भनाइ छ। कतिपयको भने अझै पनि बाँकी

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### युद्ध अन्त्य वार्तामा प्रगति

बुर्गेन्स्टक, ८ असार (रासस/एएफपी)।

मध्यपूर्वमा जारी तनाव अन्त्य गर्ने उद्देश्यले स्विट्जरल्यान्डमा सुरु भएको इरान-अमेरिका वार्तामा प्रारम्भिक प्रगति भएको मध्यस्थकर्ताहरूले बताएका छन्। दुवै पक्षले हर्मुज जलघाँटी खुला राख्ने तथा लेबनानमा पुनः द्वन्द्व भड्किन नदिन सम्पर्क संयन्त्र स्थापना गर्ने सहमति जनाएका छन्।

स्विस रिसोर्ट बुर्गेन्स्टकमा सम्पन्न पहिलो चरणको वार्तापछि पाकिस्तान र कतारले वार्ता सकारात्मक तथा रचनात्मक वातावरणमा भएको जनाएका छन्। उनीहरूका अनुसार प्राविधिक तहमा थप छलफल अघि बढाउन आवश्यक संयन्त्र निर्माण गरिएको छ। साथै हर्मुज जलघाँटी क्षेत्रमा कुनै पनि घटना वा गलत बुझाइबाट तनाव बढ्न नदिन प्रत्यक्ष सम्पर्क च्यानल स्थापना गर्ने सहमति भएको छ।

लेबनानमा पुनः हिंसा भड्किन नदिन सम्बन्धित पक्ष र लेबनानी अधिकारीहरूबीच समन्वय गर्ने उद्देश्यले 'डि-कन्फ्लिक्सन सेल' पनि गठन गरिएको छ। प्राविधिक वार्ता बाँकी साताभरि स्विट्जरल्यान्डमै जारी रहने बताइएको छ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्स र इरानी संसद् अध्यक्ष मोहम्मद बाघेर गालिबाफको नेतृत्वमा रहेका प्रतिनिधिमण्डलले आइतबार औपचारिक वार्ता सुरु गरेका थिए। गत साता भएको प्रारम्भिक सहमतिअनुसार दुई महिनासम्म वार्ता प्रक्रिया अघि बढ्नेछ।

फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले गरेको संयुक्त आक्रमणपछि इरानले हर्मुज जलघाँटीको आवागमन प्रभावकारी रूपमा अवरुद्ध गरेको थियो। त्यसपछि क्षेत्रीय तनाव तीव्र बनेको थियो। इरान समर्थित हिजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि युद्धको चपेटामा परेको थियो र त्यसको प्रत्युत्तरमा इजरायलले लेबनानमा व्यापक हवाई आक्रमण गरेको थियो।

लामो समयसम्म विभिन्न प्रयास असफल भएपछि अमेरिका र इरानले अन्ततः युद्ध अन्त्यका लागि समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। उक्त समझदारीमा इजरायल र हिजबुल्लाहबीचको युद्ध अन्त्य गर्ने प्रावधान पनि समावेश गरिएको थियो। यद्यपि त्यसपछि पनि लेबनानमा पटक-पटक झडप भइरहेका छन्।

इरानी विदेशमन्त्री अब्बास अराघचीले पाकिस्तानी र कतारी मध्यस्थताको प्रशंसा गर्दै लेबनान युद्ध अन्त्यतर्फ महत्त्वपूर्ण प्रगति भएको बताउनुभएको छ। उहाँले तेल तथा पेट्रोकेमिकल निर्यातमा लगाइएका प्रतिबन्धहरू खुकुलो पारिएको, नाकाबन्दी हटाइएको, केही रोकिएका सम्पत्ति फुकुवा गरिएको तथा इरानको पुनर्निर्माण र विकासका लागि योजना सुरु गरिएको उल्लेख गर्नुभयो।

वार्ताको प्रारम्भिक चरण तनावपूर्ण बनेको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिजबुल्लाहलाई समर्थन गरेको आरोप लगाउँदै इरानमाथि आक्रमणको चेतावनी दिएपछि इरानी प्रतिनिधिमण्डल केही समय वार्तास्थलबाट बाहिरिएको थियो।

ट्रम्पले इरानले लेबनानमा आफ्ना समर्थक समूहहरूलाई रोक्न नसके अमेरिकाले कारबाही गर्न सक्ने चेतावनी दिनुभएको थियो। त्यसको जवाफमा इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबाफले आफ्ना सशस्त्र बल कुनै पनि परिस्थितिको सामना गर्न तयार रहेको बताउनुभयो।

यसैबीच इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले दक्षिण लेबनानमा सेना आवश्यक परेसम्म रहने र इरानलाई आणविक हतियार प्राप्त गर्न नदिने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ।

आइतबार साँझसम्म दक्षिण लेबनानमा नयाँ इजरायली आक्रमण वा ठूलो सैन्य भिडन्तको समाचार आएको छैन। केही स्थानीय बासिन्दा सावधानीपूर्वक आफ्नो घर फर्किन थालेका छन्। यद्यपि इजरायल-हिजबुल्लाहबीचको द्वन्द्वले शान्ति प्रयासलाई पटक-पटक चुनौती दिँदै आएको छ।

गत शुक्रबार लेबनानमा चार इजरायली सैनिकको मृत्यु भएपछि इजरायलले गरेको आक्रमणका कारण तय गरिएको अमेरिका-इरान वार्ता समेत केही समयका लागि स्थगित भएको थियो।

इजरायली सेना प्रमुख लेफ्टिनेन्ट जनरल इयाल जमीरले दक्षिण लेबनान भ्रमणका क्रममा हिजबुल्लाह गम्भीर रूपमा कमजोर बनेको दाबी गर्नुभयो। उहाँका अनुसार हिजबुल्लाहले ठूलो क्षति व्यहोरेको छ र त्यसको पुनर्गठन रोक्न इजरायल तयार छ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार त्यहाँको द्वन्द्वमा हालसम्म चार हजार एक सयभन्दा बढी मानिसको मृत्यु भइसकेको छ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले स्विट्जरल्यान्डमा भएको वार्तालाई ऐतिहासिक बैठकको संज्ञा दिँदै दुवै पक्षले मिलेर मध्यपूर्वको भविष्य परिवर्तन गर्न सक्ने सम्भावनाबारे आशावाद व्यक्त गर्नुभएको छ। उहाँले अब मुख्य प्रश्न पुरानो द्वन्द्वको बाटोमा फर्किने कि नयाँ सम्बन्ध निर्माण गर्ने भन्ने रहेको बताउनुभयो।

यद्यपि क्षेत्रभरि सक्रिय इरान समर्थित सशस्त्र समूहहरूबारे वार्तामा ठोस छलफल भएको सङ्केत भने प्राप्त भएको छैन।

यसैबीच इरानी राष्ट्रपति मसुद पेजेस्कियानले इरानले युरेनियम संवर्धन गर्ने आफ्नो अधिकार नत्याग्ने स्पष्ट पार्दै आफ्नो देशले आणविक हतियार निर्माण गर्ने कुनै उद्देश्य नरहेको दोहोऱ्याउनुभएको छ। उहाँले इरानको बम निर्माण गर्ने कुनै योजना नरहेको कुरा लिखित रूपमा समेत दिन सकिने बताउनुभयो।

# मधेस प्रदेशमा गहुँ उत्पादनमा कमी

जनकपुरधाम, ८ असार (रासस)।

गहुँ उत्पादनका लागि उर्वर र अग्रणी मानिएको मधेस प्रदेशमा यस वर्ष गहुँ उत्पादनमा कमी आएको छ।

मधेस प्रदेश कृषि निर्देशनालय नक्टाझिज धनुषाका अनुसार यस वर्ष मधेस प्रदेशमा तीन लाख ७३२ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १.८ मेट्रिक टनका दरले पाँच लाख ४३ हजार १६० मेट्रिक टन गहुँ उत्पादन भएको छ। अघिल्लो वर्ष मधेस प्रदेशमा एक लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ३.३७ मेट्रिक टनका दरले सात लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो। यस वर्ष सबैभन्दा बढी धनुषामा ३३ हजार ५०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.९४ मेट्रिक टनका दरले ९८ हजार ४९० मेट्रिक टन गहुँ उत्पादन भएको मधेस प्रदेश कृषि निर्देशनालयका बागबानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो।

बागबानी विकास अधिकृत विश्वकर्माका अनुसार रौतहटमा १७ हजार २९२ हेक्टरमा प्रतिहेक्टर ३.०५ मेट्रिक टनका दरले ५२ हजार ७४१ मेट्रिला• क टन, सर्लाहीमा २७ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.५४ मेट्रिक टनका दरले ६९ हजार ५९६ मेट्रिक टन र महोत्तरीमा २७ हजार हेक्टरमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ७२ हजार ८०० मेट्रिक टन गहुँ उत्पादन भएको छ।

त्यसैगरी सप्तरीमा २९ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.८ मेट्रिक टनका दरले ८२ हजार ३२० मेट्रिक टन, बारामा २९ हजार हेक्टरमा प्रतिहेक्टर २.४८ मेट्रिक टनका दरले ७१ हजार ९२० मेट्रिक टन, पर्सामा २३ हजार २० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ५९ हजार ८५२ मेट्रिक टन र सिरहामा १४ हजार १७६.४८ हेक्टरमा प्रतिहेक्टर २.५१ मेट्रिक टनका दरले ३५ हजार ४४१ मेट्रिक टन गहुँ उत्पादन भएको अधिकृत विश्वकर्माले बताउनुभयो।

प्रतिकूल मौसम, रोग कीराको प्रकोप र सिँचाइ तथा गुणस्तरीय बीउबिजनको अभावका कारण यस वर्ष गहुँ उत्पादनमा ह्रास आएको मधेस प्रदेश कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादवले बताउनुभयो।

# मनसुन थप चार प्रदेशमा विस्तार

काठमाडौँ, ८ असार (रासस)।

नेपालमा औसत समयभन्दा छ दिन ढिलो गरी प्रवेश गरेको यस वर्षको मनसुनी प्रणाली देशको पूर्वी तथा मध्य भूभागमा विस्तार भएको छ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले आज जारी मनसुनसम्बन्धी बुलेटिनअनुसार कोशी प्रदेशबाट शुक्रबार नेपाल भित्रिएको मनसुन आज थप चार प्रदेशमा विस्तार भएको हो।

महाशाखाका अनुसार हाल मनसुन कोशी प्रदेशको सम्पूर्ण भूभाग, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेशका केही भूभाग तथा लुम्बिनी प्रदेशको पूर्वी क्षेत्रसम्म फैलिएको छ। यद्यपि मनसुनी प्रणाली अझै कमजोर अवस्थामै रहेकाले देशका बाँकी क्षेत्रमा विस्तार हुन केही दिन लाग्ने विभागका मौसमविद् सञ्जीव अधिकारी बताउनुहुन्छ•।

सामान्यतया नेपालमा मनसुन जुन १३ मा प्रवेश गर्ने भए पनि यस वर्ष छ दिन ढिलो गरी प्रवेश गरेको महाशाखाले जनाएको छ। मनसुनको प्रभाव विस्तार भएसँगै पूर्वी तथा मध्य नेपालका विभिन्न स्थानमा वर्षा हुने क्रम सुरु भएको छ।

महाशाखाले मनसुनी प्रणालीको निरन्तर अनुगमन भइरहेको जनाएको छ। मौसम सम्बन्धी अद्यावधिक जानकारी तथा आगामी तीन दिनको मौसम बुलेटिन नियमित रूपमा हेर्न र आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरिएको छ।

विभागले मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। विभागका मौसमविद् सुदर्शन हुमागाईँका अनुसार यस मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षाको हुने सम्भावना छ।

विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुनेछ।

# उपभोक्ता मूल्य सूचकाङ्क सङ्कलन राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने

काठमाडौँ, ८ असार (रासस)।

नेपाल राष्ट्र बैंकले देशव्यापी रुपमा सङ्कलन गर्दै आएको उपभोक्ता मूल्य सूचकांक (सिपिआई) अब राष्ट्रिय तथ्याङ्क कार्यालयले सङ्कलन गर्ने भएको छ। मुद्रास्फीति मापन, आर्थिक नीति निर्माण, तलब तथा भत्ता समायेजन, जीवनयापन लागत मापन गर्न उक्त विवरण महत्वपूर्ण रहँदै आएको छ।

केन्द्रीय बैंकले नियमित रुपमा उपभोक्ता मूल्य सूचकाङ्क तथा मुद्रास्फीतिसम्बन्धी तथ्याङ्क सार्वजनिक गर्दै आएको छ। राष्ट्रिय तथ्याङ्क परिषद्को सोमबारको बैठकले राष्ट्रिय तथ्याङ्क कार्यालयलाई नै उक्त जिम्मेवारी प्रदान गरेको प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखेलले जानकारी दिनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो। आगामी एक वर्षसम्म तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशनका लागि नेपाल राष्ट्र बैंकलाई सहयोग गर्नेछ। तथ्याङ्क कार्यालयका कर्मचारी, प्राविधिक जनशक्ति एक वर्षसम्म केन्द्रीय बैंकको सहयोगमा काम गर्ने र क्रमशः तथ्याङ्क कार्यालयमा हस्तान्तरण हुनेछ।

लामो समयसम्म उपभोक्ता मूल्य सूचकाङ्कको काम राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेपनि पछि केन्द्रीय बैंकले जिम्मा लिएर प्रकाशन गर्दै आएको छ। केन्द्रीय बैंकले हरेक महिना विवरण सार्वजनिक गर्दै आएको छ।

प्रमुख तथ्याङ्क अधिकारी पोखेलले महत्वपूर्ण जिम्मेवारी प्राप्त भएको जानकारी दिँदै तथ्याङ्कको दोहोरापना हटाउन सहयोगी सिद्ध हुने विश्वास व्यक्त गर्नुभयो। "हामीले महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेका छौँ, यसले हामीलाई थप सबल बनाउनेछ भने तथ्याङ्क कार्यालयलाई पनि काम उपलब्ध हुनेछ", पोखेलले भन्नुभयो।

संरचनागत सुधार, स्रोत तथा साधनको उपलब्धतालाई समेत ख्याल गरेर सङ्क्रमणकालीन रुपमा एक वर्षसम्म केन्द्रीय बैंकको सहयोगमा काम गर्ने र क्रमशः तथ्याङ्क कार्यालयले जिम्मेवारी लिने उहाँको भनाइ छ। सात दिनमा तथ्याङ्क सङ्कलन, प्रशोधन तथा महिना दिनमा प्रकाशन गर्नुपर्ने भएकाले उपभोक्ता मूल्य सूचकांकको काम आफैमा चुनौतीपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो।

हाल तथ्याङ्क कार्यालयले त्रैमासिक रुपमा उपभोक्ता मूल्य सूचकाङ्कको काम गर्दै आएको थियो। कार्यालयलाई थप सबल सक्षम र कामकाजी बनाउने उद्देश्यका साथ राष्ट्र बैंकले गर्दै आएको जिम्मेवारी प्राप्त भएको जानकारी दिँदै प्रमुख तथ्याङ्क अधिकारी पोखेलले यसलाई गौरवको रुपमा लिनुपर्ने तर्क गर्नुभयो।

उहाँले तथ्याङ्कको दोहोपना हट्ने र मौद्रिक नीति तय गर्ने केन्द्रीय बैंकले नै उपभोक्ता मूल्य सूचकाङ्कको काम गर्दा आउने आलोचना समेत कम भएर जाने विश्वास व्यक्त गर्नुभयो। "आवश्यक तयारीका लागि केही समय लाग्छ, त्यसपछि हामी हामी आफै सबल र सक्षम बन्छौं। तत्कालका लागि राष्ट्र बैंककै साधन र स्रोत उपयोग गरेर काम गर्छौं", उहाँले भन्नुभयो।

### *आर्थिक गणनामा ...*

रहेका जानकारी दिँदै उहाँले कुनै पनि प्रतिष्ठान नछुटुन् भनेर आफूहरू सचेत रहेको उल्लेख गर्नुभयो।

तथ्याङ्क दिन अस्वीकार गर्नेलाई कानुनी कारबाही गर्न सकिने व्यवस्था भए पनि त्यस्तो अवस्था नआउने तथ्याङ्क कार्यालयको विश्वास छ। विशेष गरी काठमाडौँ उपत्यका र सहरी क्षेत्रका केही उद्योग, प्रतिष्ठान तथा व्यावसायिक सङ्घ संस्थाले राष्ट्रिय अभियानमा असहयोग गरेको भए पनि अन्तिमसम्म सबै विवरण सङ्कलन हुने विश्वास व्यक्त गरिएको छ।

प्रवक्ता लामिछानेले गत चैत १ गतेदेखि यही असार ७ गतेसम्म गणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्ने समय सीमा निर्धारण गरिएको जानकारी दिनुभयो। असार मसान्तसम्म जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय सञ्चालनमा रहने छ। गणनाको प्रक्रिया विधिमार्फत आशिंक विवरण भरेका, पूर्ण विवरण भर्न बाँकी रहेका प्रतिष्ठान, गणना छुट भएका र हामी छुट्यौं भन्ने सबैलाई बाँकी अवधिमा समेटिने छ।

### *सशस्त्र टोलीद्वारा ...*

बजे मुमको दाल टिपेर फर्कने क्रममा बागमती नदीस्थित सो घाटको बीच भागमा रहेको अग्लो स्थानमा रही उद्धारका लागि याचना गरिरहेका ११ महिला एवं तीन बालिका गरी १४ जनाको प्रहरीले सकुशल उद्धार गरको हो।

सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक यज्ञबहादुर योञ्जनको नेतृत्वमा खटिएको १७ जनाको टोलीले रबरको डुङ्गा प्रयोग गरी नदीमा फसेका सबैको उद्धार गरेको सशस्त्र प्रहरी बेसक्याम्प गौरका प्रहरी नायब उपरीक्षक प्रेमसागर विष्टले जानकारी दिनुभयो। उद्धार गरिएका सबैलाई उनीहरूको घरसम्म पुऱ्याएको सशस्त्र प्रहरीले बताएको छ।

### *तिलाठी कोइलाडीमा ...*

सूचना प्रवाह, जोखिममा परेका व्यक्तिको सुरक्षित स्थानमा स्थानान्तरण, उद्धार तथा प्राथमिक उपचारका गतिविधि सञ्चालन गरिएको थियो। यसबाट वास्तविक विपद्को अवस्थामा समुदायले अपनाउनुपर्ने प्रक्रिया र जिम्मेवारीबारे व्यवहारिक ज्ञान प्राप्त भएको सहभागीहरुले बताएका छन्।

कार्यक्रमको सहजीकरण तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा र आसमान नेपालका सूचना प्रविधि अधिकृत अमन शरणले प्राविधिक सहयोग गरेका थिए।

समुदायको सहभागितामा यस्ता अभ्यास नियमित रुपमा सञ्चालन गरे विपद्का बेला हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न महत्वपूर्ण सहयोग पुग्ने स्थानिय कृष्ण रायले बताए।

# ठूला अस्पतालमा बर्न युनिट

काठमाडौँ, ८ असार (रासस)।

मुख्य स्वास्थ्य समस्या बन्दै गएको जलनको उपचारलाई सहज र सर्वसुलभ बनाउने सरकारी प्रतिबद्धता कार्यान्वयनमा जान थालेको छ।

सरकारको १०० दिनभित्र गरिसक्ने १०० बुँदे प्रतिबद्धताअन्तर्गत अधिकांश अस्पतालमा जलन उपचारलाई सहज बनाउन थालिएको हो। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका प्रवक्ता डा समीरकुमार अधिकारीले मन्त्रालयको पहल र निर्देशन अनुरुप १४ वटा सङ्घीय अस्पतालमा जलन उपचार युनिट स्थापना भएका छन्।

अहिलेसम्म चारवटा प्रादेशिक अस्पतालमा शय्या सङ्ख्यासमेत छुट्याएर सेवा प्रवाह हुन थालेको छ। हालसम्म १०९ स्वास्थ्यकर्मीलाई एकदिने र २१७ जनालाई छ दिन जलन उपचारको विशेष तालिम प्रदान गरिएको छ।

हालसम्म कान्तिबाल अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, कोशी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल, डडेलधुरा अस्पताल, भेरी अस्पताल, चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान-वीर अस्पताल, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जलन उपचारका लागि छुट्टै वार्ड स्थापना गरिएका छन्।

गैरसरकारीस्तरबाट कीर्तिपर अस्पतालमा जलन उपचारको विशेष युनिट छ। यसका साथै धौलागिरी प्रादेशिक अस्पताल, सङ्खुवासभा जिल्ला अस्पताल, सुर्खेतस्थित प्रादेशिक अस्पताल र हेटौँडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरी १८ वटा अस्पतालमा जलन उपचार वार्डको व्यवस्था गरिएको छ। जलनको उपचार सामान्यदेखि अत्यन्त जटिलसम्मको हुनसक्ने हुँदा जलनको मात्र छुटै अस्पताल स्थापना गर्नुभन्दा सुविधा सम्पन्न अस्पतालमा जलन उपचार युनिट राख्नु बढी प्रभावकारी देखिएको प्रवक्ता अधिकारीले बताउनुभयो।

"जलनसँगै प्लास्टिक सर्जरीदेखि संवेदनशील अङ्गको उपचारसमेत सँगै गर्नुपर्ने अवस्था आउने भएकोले त्यसो गर्न खोजेका हौँ", प्रवक्ताले थप्नुभयो। अहिले गरिएको ब्यवस्थाबाट आमजनताले जलन प्रारम्भिक उपचार नजिकैको अस्पतालमै भेटाउन सक्ने अवस्था तयार भएको छ। सरकार गठनपछि घोषणा भएको १०० दिने प्रतिबद्धतामा 'जलन उपचारका लागि प्रदेशस्तरमा सुविधा सम्पन्न अस्पतालको अभाव हुँदा मृत्युदर, अपाङ्गता र दीर्घकालीन पुनःस्थापनाको समस्या बढ्ने अवस्थाको समाधान गर्न' जलनसम्बन्धी उपचारलाई १०० बुँदेभित्र समेटेको थियो।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*